# गेरुवा गाउँपालिका

§

## तेह्रौं कार्यपालिका बोर्ड बैठक

**७ माघ, २०७४**

§

| | | |
|---|---|---|
| गाउँपालिका | : | गेरुवा गाउँ कार्यपालिकाको कार्यालय |
| स्थान | : | पशुपतिनगर,बर्दिया |
| प्रदेश | : | ५ नं. प्रदेश, नेपाल |

**आज मिति २०७४ साल माघा ७ गतेका दिन गेरुवा गाउँ पालिकाका अध्यक्ष श्री जमानसिंह के.सी.ज्यू को अध्यक्षतामा कार्य पालिकाको तेह्रौं बोर्ड बैठक बस्यो, उपस्थिति तथा निर्णय देहाय वमोजिम छ ।**

## उपस्थिति

| | | |
|---|---|---|
| श्री जमान सिंह के.सी. | - अध्यक्ष | सभाध्यक्ष |
| श्री हिमा कुमारी थरुनी | - उपाध्यक्ष | सदस्य |
| श्री दयाराम बैद्य थारु | - वडाअध्यक्ष, वडानं. १ | ,, |
| श्री आलोक कुमार थारु | - वडाअध्यक्ष, वडानं. २ | ,, |
| श्री पुनाराम थारु | - वडाअध्यक्ष, वडानं. ३ | ,, |
| श्री बल बहादुर चलाउने | - वडाअध्यक्ष, वडानं. ४ | ,, |
| श्री धर्म प्रकाश थारु | - वडाअध्यक्ष, वडानं. ५ | ,, |
| श्री टेक बहादुर चौधरी | - वडाअध्यक्ष, वडानं. ६ | ,, |
| श्री शान्ती चौधरी | - सदस्य | ,, |
| श्री राजु बडुवाल खत्री | - सदस्य | ,, |
| श्री चन्द्ररुपा कामी | - सदस्य | ,, |
| श्री मोवीला शर्मा पौडेल | - सदस्य | ,, |
| श्री लक्षिण बहादुर नेपाली | - सदस्य | ,, |
| श्री बम बहादुर वि क. | - सदस्य | ,, |
| श्री भीम बहादुर खत्री | -प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

## आमन्त्रित

श्री ठाकुरप्रसाद चौधरी -वडासचिव, वडानं.४
श्री तुल्सीराम श्रेष्ठ -लेखापाल
श्री कुन्नारायण चौधरी -वडासचिव, वडानं.५ र ६
श्री चित्र प्रसाद उपाध्याय-सव-ईन्जिनियर
श्री प्रेमबहादुर जि.सी. -वडासचिव, वडानं.२ र ३
श्री भूमिराज घिमिरे -अ.स.ई.
श्री भागीराम चौधरी -वडासचिव, वडानं.१

**बिषयगत कार्यालय/शाखाहरुबाट**

| | | |
|---|---|---|
| १ | श्री दिल बहादुर जि.सी. | शिक्षा |
| २ | श्री नारायण प्रसाद भण्डारी | स्वास्थ्य |
| ३ | श्री विश्वरुप जोशी | कृषि |
| ४ | श्री पंकज रायमाझी | आयुर्वेद |

**प्रस्तावहरु**

**१ परिमार्जित गेरुवा गाउँपालिकाका नियमावीहरु/कार्यविधिहरु मापदण्ड/आचारसंहिता स्वीकृत अनुमोदन गर्ने सम्बन्धमा**

**२ गेरुवा गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत ऐन/नियम र कार्यपालिकाबाट स्वीकृत आचार संहिता, नियमावली, कार्यविधि तथा मापदण्डहरु राजपत्रमा प्रकाशित गर्ने सम्बन्धमा**

**३ बिषयगत क्षेत्र तर्फ शिक्षा,स्वास्थ्य,सहकारी,भौतिक (सडक,घर,कुलो,सार्वजनिक स्थल) निर्माण, कृषि, पशु, उद्योग, पर्यटन,सञ्चार, लगायतका क्षेत्रको स्थिति/सुझाव संकलन, अभिलेख (Profile), गुरु योजना (Master Plan) तथा नीति निर्माण गर्नका लागि स्वीकृति सम्बन्धमा**

**४ बिषयगत समिति र बिषयगत शाखाहरुलाई सकृय कार्यान्वयन तथा व्यवस्थापन गर्ने सम्बन्धमा**

**५ गाउँपालिकाको जिन्सि/स्टोरका लागि घरभाडामा लिने सम्बन्धमा**

**६ आन्तरिक लेखा परीक्षणको व्यवस्था गर्ने सम्बन्धमा**

**७ गेरुवा गाउँपालिका भित्र छाडिएका र धनि पहिचान हुन नसकेका छाडा गाईवस्तु व्यवस्थापन सम्बन्धमा**

**८ बिबिध**

## निर्णयहरु :-

### १ परिमार्जित गेरुवा गाउँपालिकाका नियमावीहरु/कार्यविधिहरु मापदण्ड/आचारसंहिता स्वीकृत अनुमोदन गर्ने सम्बन्धमा

प्रस्ताव नं. १ माथी छलफल गर्दा गेरुवा गाउँपालिकाको प्रथम गाउँ सभाबाट पारीत भई कार्यान्वयनमा रहेका **आर्थिक ऐन, २०७४, विनियोजन ऐन, २०७४ र २०७४/०७५ को नीति तथा कार्यक्रम** समेतको गरी समिक्षा गर्दै स्थानीय तह सेवा सञ्चालन ऐन, २०७४ प्रतिकुल नहुने गरी सावीक वमोजिम कार्यान्वयन गर्ने गराउने र आगामी गाउँसभाबाट परिमार्जन/समर्थन गराई नियमन गर्ने साथै गाउँ कार्यपालिकाबाट पारीत भएका **आचार संहिता, नियमावलीहरु र कार्यविधिहरु** उल्लेखित स्थानीय तह सेवा सञ्चालन ऐन, २०७४ बाट निर्देशित परिच्छेद, दफा र अनुसूचीहरु मा थप/घट/संशोधन/मिलान/निर्माण, परिमार्जन/संशोधन कार्यलाई अनुमोदन गर्ने र अनुमोदीत आचारसंहिता/ऐन/नियम/कार्यविधिहरु सार्वजनिक गर्न अनुमति दिने निर्णय गरियो ।

### २ गेरुवा गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत ऐन/नियम र कार्यपालिकाबाट स्वीकृत आचार संहिता, नियमावली, कार्यविधि तथा मापदण्डहरु राजपत्रमा प्रकाशित गर्ने सम्बन्धमा

प्रस्ताव नं.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बाट निर्देशन भए वमोजिम यस गेरुवा गाउंपालिका बाट निर्माण भएका सवै ऐन/नियम,आचारसंहिता तथा कार्यविधीहरु गेरुवा गाउँपालिकाको राजपत्रमा सूचना प्रकाशित गरी लागु गर्नु पर्ने हुंदा देहाय वमोजिमको गेरुवा गाउँपालिकाको राजपत्र नमुना स्वीकृत गरी सो वमोजिम सूचना प्रकाशित गर्न निर्देशन गर्ने निर्णय गरियो ।

राजपत्र नमुना :(१)

# गेरुवा गाउँ कार्यपालिका कार्यालय, पशुपतिनगर

बर्दिया जिल्ला, ५ नं.प्रदेश, नेपाल

द्वारा प्रकाशित

## गेरुवा गाउँपालिका राजपत्र

**खण्ड......बर्ष...... अंक...... २०७४ साल ........., .............(संख्या......**

**भाग......**

## गेरुवा गाउँ कार्यपालिका कार्यालयको सूचना

गेरुवा गाउँपालिकाको .......... गाउँसभाबाट/गाउँ कार्यपालिकाको .... बैठकबाट मिति ............. मा स्वीकृत भएको गेरुवा गाउँपालिकाको .......................................स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ।

.......................................................

.......................................................................................................................................................................................

......................................................................................................................................................................................

आज्ञाले,

......................................

प्रमुख प्रशासकीय अधिकृत

## नमुना (२)

## राजपत्र प्रकाशन लगत किताव

| क्र.सं. | प्रकाशन मिति | बिषय | बर्ष | अंक | भाग | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(३)

**प्रष्टिकरण :**

१ गाउँ सभाबाट स्वीकृत भएका ऐन, नियमहरु भाग-१ मा प्रकाशित हुने छन्।

२ कार्यपालिकाबाट स्वीकृत नियमावली,कार्यविधि, आचारसंहिता, मापदण्डहरु भाग-२ मा प्रकाशित हुने छन्।

३ पटकलाई अंक खण्डमा गणना गरिने छ।

४ प्रत्येक आर्थिक बर्षलाई बर्षमा गणना हुने छ।

**३ बिषयगत क्षेत्र तर्फ शिक्षा,स्वास्थ्य,सहकारी,भौतिक (सडक,घर,कुलो,सार्वजनिक स्थल) निर्माण, कृषि, पशु, उद्योग, पर्यटन,सञ्चार, लगायतका क्षेत्रको स्थिति/सुझाव संकलन, अभिलेख (Profile), गुरु योजना (Master Plan) तथा नीति निर्माण गर्नका लागि स्वीकृति दिने सम्बन्धमा :**

**प्रस्ताव नं.३ माथी छलफल गर्दा** गेरुवा गाउँपालिकाको गुरु योजना (Master Plan) र गाउँ अभिलेख (Village Profile) निर्माण कार्य हुन गई रहेको अवस्थामा सो वमोजिम यस गाउँपालिकाको सर्वाङ्गिण विकाशका लागि सहयोग पुग्ने गरी बिषयगत क्षेत्र तर्फ शिक्षा,स्वास्थ्य,सहकारी,भौतिक (सडक,घर,कुलो,सार्वजनिक स्थल) निर्माण, कृषि, पशु, उद्योग, पर्यटन,सञ्चार, लगायतका क्षेत्रको स्थिति/सुझाव संकलन व्यवस्थापन गर्न सवै बिषयगत समिति, शाखा र क्षेत्रहरुलाई निर्देशन गर्ने र अभिलेख (Profile), गुरु योजना (Master Plan) तथा नीति निर्माण गर्नका लागि सूचिकृत परामर्शदाता संस्थाहरु मध्येबाट उपयुक्त परामर्श दाता छनौट गरी उपयुक्त खर्चमा सम्झौता/करारनामा गरी समयमै कार्य सम्पादन गराई गेरुवा गाउँपालिकाका अध्यक्षबाट प्रमाणिकरण गराउने कार्यका लागि प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी सहित स्वीकृति दिने बिषयगत समिति र शाखाहरुले सम्बन्धित बिषयको अभिलेख विवरण र सुझाव संकलन उपलब्ध गराउने लगायतका आवश्यक सहयोग पुऱ्याउन निर्देशन गर्ने निर्णय गरियो।

**४ अख्तियारी, कार्यसम्पादन सम्झौता र गाउँपालिका कार्यक्रम छनौट सम्बन्धमा**

**प्रस्ताव नं.४** माथी छलफल गर्दा गेरुवा गाउँपालिको गाउँसभाबाट स्वीकृत कार्यक्रम र विनियोजित बजेट वमोजिम सवै वडाका कार्यक्रमहरु कार्यान्वयन/सम्पादन गरी/गराई कार्य सम्पन्न प्रतिवेदन सहित वील भूक्तानीका लागि सिफारीश गरी पठाउने गरी सम्बन्धित वडाका बडाध्यक्ष र वडासचिवलाई कार्य सम्पादन सम्झौता गरी अख्तियारी दिने/लिने निर्णय गरियो ।

**कार्य सम्पादन सम्झौता फाराम**

| क्र.स. | क्रियाकलापहरु (स्वीकृत कार्यक्रमहरु) | इकाई | विनियोजित रकम | | | लक्ष्य |
|---|---|---|---|---|---|---|
| | | | अनुदान | जनश्रमदान | जम्मा | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

.......................... ....................

वडाध्यक्ष अध्यक्ष

............................... ....................

वडा सचिव प्रमुख प्रशासकीय अधिकृत

.....नं.वडा कार्यालय गेरुवा गाउँ कार्यपालिका कार्यालय

**५ बिषयगत समिति र बिषयगत शाखाहरुलाई सकृय कार्यान्वयन तथा व्यवस्थापन गर्ने सम्बन्धमा**

**प्रस्तावनं.५** माथी छलफल गर्दा यस गेरुवा गाउँ कार्यपालिकाबाट गठन भएका बिषयगत समितिहरु र स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था भए अनुसारका बिषयगत शाखाहरुको सकृय व्यवस्थापन गरी सो अनुसार सवैले आ-आफ्नो जिम्मेवारी वहन गर्ने व्यवस्था मिलाउन सवैलाई निर्देशन गर्ने निर्णय गरियो ।

**६ गाउँपालिकाको जिन्सि/स्टोरका लागि घरभाडामा लिने सम्बन्धमा**

**प्रस्ताव नं. ६** माथी छलफल गर्दा गेरुवा गाउँपालिकाको कार्यालय अन्तर्गत सञ्चालन हुने ६ वटा बिषयगत शाखाहरु र सूचना प्रविधि शाखा सञ्चालनका लागि कार्यालय भवन नभएकोले हाललाई जिन्सि शाखा र थप बिषयगत शाखाहरु सञ्चालनार्थ घर भाडामा लिनका लागि गेरुवा गाउँ कार्यपालिकाको सार्वजनिक खरिद ईकाईले सूचना प्रकाशित गरी पर्न आएका निवेदन माथी सार्वजनिक खरिद ईकाई मार्फत नै मुल्याङकन/विश्लेषण गरी पेश भएका मध्येबाट उपयुक्त, सवै भन्दा सस्तो, जिल्ला दररेट भित्र रहेको र कार्यालयका लागि उपयुक्त देखिएको घरका घर धनि र कार्यालय विच रित पूर्वक सम्झौता गरी भाडामा लिने व्यवस्था गर्न निर्देशन गर्ने निर्णय गरियो ।

**७ आन्तरिक लेखा परीक्षणको व्यवस्था गर्ने सम्बन्धमाः-**

प्रस्ताव नं. ७ माथी छलफल गर्दा यस गाउँपालिकाको खर्च श्रेस्ता लेखा परीक्षण गराउने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ को उप-दफा (१) वमोजिम अन्तिम लेखा परीक्षण कार्य महालेखा परीक्षकबाट सम्पादन गराउनु पर्ने भनि उल्लेख भए पनि आन्तरिक लेखा परीक्षणको कुरा उल्लेख नभएको अवस्थामा उक्त ऐनको दफा ७७ को उप-दफा (२) वमोजिम यस गेरुवा गाउँपालिकाको आय र व्ययको लेखा परीक्षण र उप-दफा (३) र (४) वमोजिमको प्रकृया पूरा गर्नका लागि कोष तथा लेखा नियन्त्रण कार्यालय, बर्दियालाई मनोनयन गर्ने र उक्त कोष तथा लेखा नियन्त्रण कार्यालय, बर्दिया मार्फत नै गाउँपालिकाको सम्पूर्ण लेखा श्रेस्ता लेखापरीक्षण कार्य सम्पादन गराउन गेरुवा गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**८ गेरुवा गाउँपालिका भित्र छाडिएका र बस्तुधनि पहिचान हुन नसकेका छाडा गाईवस्तु व्यवस्थापन सम्बन्धमाः-**

**प्रस्ताव नं.८** माथी छलफल गर्दा गेरुवा गाउँपालिका वडानं. ३ को कार्यालयबाट अनुरोध भई आए वमोजिम वस्तुधनि पहिचान नभएका छाडा गाईबस्तुहरु नियन्त्रण गर्ने सम्बन्धमा छलफल गरी समाधान तर्फ बिचार गर्दा एक पटकका लागि एकीन संकलन भएका बेवारिसे छाडा पशुवस्तुलाई व्यवस्थित गर्नका लागि जिल्ला कैलाली, लम्की-चुहा नगरपालिका वडानं.३, बल्चौर स्थित विश्वहिन्दु एकता परिषदले गौशालामा निर्माण गरी गाईवस्तु हेरालु समेत राखी व्यवस्था गरी रहेको साथै व्यवस्थापन खर्च सहित गाईबस्तु सो स्थानमा पुर्‍याई दिएमा गौशालामा राखी पालनपोषण सहित व्यवस्थित गर्ने गरी बस्तु र रकम प्राप्त भए पछि सो वमोजिम लिखित सम्झौता गर्ने भनि मिति २०७४/१०/६ गतेका दिन सो परिषदका अध्यक्ष श्री मायाराम रिमालले मौखिक सहमति जनाउनु भएकोले गाउँ कार्यपालिकामा भैपरि आउने शिर्षकमा विनियोजित बजेटबाट आबश्यक खर्च लेख्ने गरी कार्यक्रम कार्यान्वयन कार्यविधि स्वीकृत गराई कार्य सम्पादन गर्ने र हरेक वडा कार्यालयहरुले अव आईन्दा गाउँटोलमा छाडापशुवस्तस फेला परेमा तत्कालै पहिचान गराई सम्बन्धित पशुधनिलाई जिम्मा लगाउने साथै सम्बन्धित धनिले जिम्म लिन नमाने निजबाट नै आबश्यक खर्च व्यवस्थापन गरी उल्लेखित गौशालामा पुर्‍याउन लगाउने व्यवस्था मिलाउने निर्णय गरियो ।

**विविध**

**निर्णय नं. १०** माथी छलफल गर्दा विविध बिषयमा छलफल गर्दा सवै वडाध्यक्षहरुले आ-आफ्नो वडाको माशिक प्रगति प्रस्तुत् गर्ने तयारीका साथ आगामी चौधौं बोर्ड बैठक मिति २०७४ साल फागुन ७ गतेका दिन दिनको २.०० बजे बस्ने निर्णय गरियो ।